# प्रतापपुर गाउँपालिकाको लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशीकरण नीति २०८१

प्रमाणीकरण मिति २०८१ कार्तिक २९

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी(ब.सु.प.)
लुम्बिनी, नेपाल

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

विषय सूची


१.पृष्ठभूमी १

२.प्रतापपुर गाउँपालिको वर्तमान अवस्था २

२.१ पालिकाको लैसअसास अवस्था ३

२.२ लक्षित समुहहरुको नक्सांकन ३

२.३ सरोकारवालाहरुको विश्लेषण ७

२.४. गाउँपालिकाको लैसअसासका सवल पक्ष,कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण १०

२.५. गाउँपालिकाको वडागत लैसअसासका प्रमुख सवालहरु १२

३ समस्या र चुनौती १२

४.नीतिको आवश्यकता र औचित्व १३

५.नीतिको मार्गदर्शन सिद्धान्त १३

६.नीति योजना निर्माणको विधि तथा प्रकृया १५

७. लैसअसास परिभाषा- मुख्य शव्दावलीहरु १५

८. लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण नीतिको दिर्घकालिन सोच, ध्येय, लक्ष्य तथा उदेश्यहरु १७

दिर्घकालीन सोच, ध्येय ,लक्ष्य:

९.उद्देश्यहरु: १७

१०.रणनीति १७

११. नीति तथा कार्यनीति १९

१२.लैसअसास नीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था २५

१२.१ गाउँपालिका स्तरीय लैसअसास कार्यान्वयन समिती गठन २५

१२.२ गाउँपालिकाको वडास्तरीय लैसअसास कार्यान्वयन समिती गठन २५

१२.३ लैसअसास कार्यान्वयन समितीको काम,कर्तव्य र अधिकार २६

१२.४. वडास्तरीय लैसअसास कार्यान्वयन समितीको काम, कर्तव्य र अधिकार २६

१२.५ बैठक कार्यविधि र सेवा सुविधा २७

१३. लैसअसास नीति कार्यान्वयनको लागि स्रोत परिचालन २७

१४. कानूनी व्यवस्था २८

१५.लैसअसास नीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन २८

१६.संभावित जोखिम तथा न्यूनीकरणका उपायहरु २९

१७. नीतिको पुनरावलोकन र परिमार्जन ३०


प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

## १ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैङ्गिक तथा सबै खाले विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यबस्था गरेको छ । राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडन वर्ग, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, किसान, युवा, बालबालिका, ज्येष्ठ नागरिक, श्रमिक, गर्भअवस्थाका व्यक्ति, अशक्त र असहाय, पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरेको छ । महिलाको हक सम्बन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरु काननू बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । सामाजिक न्यायको हकले तिनै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत लैङ्गिक समानता अपांङ्गता तथा सामजिक समावेशिकरण (लैसअसास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ । यसका अलवा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र अशक्तहरुको व्यावस्थापनको जिम्मेवारी अन्तरगत बिभिन्न कार्यक्रमहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानिय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य समंयसिमा र प्रकृयासँग अनुकुल हुनेगरी सुशासन, वाताबरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकुल, विपद् व्यावस्थापन, लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित बिषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसंघको सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वातन्त्रता, समानताका साथै भोक, गरिबिको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यि लक्ष्यहरुले गरिबिको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उदेश्य राखेको छ। चरम गरिबिको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडी नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अंगिकार गरेको छ । नेपाल सरकारको दीर्घकालीन सोंच २१०० अनुसार 'समृद्ध नेपाल,सुखी नेपाली' नारालाई कार्यानवयन गर्न सोह्रौ योजना (आर्थिक बर्ष २०८१/०८२-२०८५/०८६) ले 'सुशासन, सामाजिक न्याय र समृद्धि'लाई आत्मासात



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

विशेषगरी परिच्छेद ८ मा लैगिंक समानता, सामाजिक न्याय तथा समावेशी समाज र परिच्छेद १० मा गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माणका बारेमा जोड दिइएको छ।

संविधानद्धारा प्रदत्त हकहरुको कार्यन्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा गाउँपालिकाको सबै नीति योजना, कार्यक्रम तथा संस्थागत संरचना सबैमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पछाडी परेका, पारिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण मैत्री गाउँपालिका बनाउने परिकल्पना अनुरुप लैसअसास मुलप्रवाहिकरणको माध्यमबाट लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न आवश्यक देखिएकोले "प्रतापपुर गाउँपालिकाको लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण नीति तर्जुमा गरिएको छ।

## २. प्रतापपुर गाउँपालिकाको वर्तमान अवस्था

प्रतापपुर नवलपरासी (पश्चिम) जिल्लाका सात स्थानीय प्रशासनिक संरचना मध्ये एक हो। लुम्बिनी प्रदेशमा पर्ने चुरे पहाडको पश्चिम–दक्षिण क्षेत्र परासी खण्डको समथर भु–भगमा यो गाउँपालिका अवस्थित छ भने यहाँको माटो चिम्टाइलो भएकोले यहाँ उखु, धान, गहुँ, दलहन, तेलहनको अतिरिक्त तरकारी खेती पनि राम्रो हुने गर्दछ र यो क्षेत्र समन्द्र सतहबाट करिब ३०० मी.सम्मको उचाइमा रहेको छ।साविकका गा.वि.स.हरु जमुनिया (वडा १र८बाहेक), सोमानी, ठुलो खैरटवा, बैदौली, गुठिप्रसौनी, गुठिसुर्यपुरा र प्रतापपुर गाविसहरुलाई समायोजन गरी हाल प्रतापपुर गाउँपालिकालाई ९ वटा वडा बनाईएको छ। यस गाउँपालिकामा मिश्रित जातजातिको बसोबास रहेको छ। खास गरी पहाडी र तराईमुलका बाह्मण, क्षेत्री, मगर, बाँनिया, कुशहवा, चमार धोवी, पासी, दुसाध, मुसहर, कहार, यादव, कोइरी हरिजन, राजभर, कुर्मी, सैथवार, बरई, कोहार, कलवार, अहिर केवट, लोहार विश्वकर्मा, तेली, गुप्ता, मुसलमान, थारु लगायतको बसोबास रहेको छ।

प्रतापपुर गाउँपालिकामा आर्थिक, सामाजिक, जनसाँख्यिक तथा भौगोलिक विविधता विद्यमान छ। राष्ट्रिय जनगणना वि.सं.२०७८ को तथ्यांक अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ४९८९७ रहेको छ। जसमा महिला २५०८५ (५०.३% प्रतिशत) र पुरुष २४८१२ (४९.७ प्रतिशत) रहेका छन। (केन्द्रिय तथ्यांक विभाग २०२१)यो पालिकामा सामाजिक,साँस्कृतिक रुपमा विविधता हुनुको साथै बहुजातिय र बहुभाषिक संरचना रहेको छ। यस गाउँपालिकाको लैगिंक अनुपात ९८.९१ प्रतिशत र कुल परिवार संख्या ९७०२ रहेको छ। यस पालिकाको कुल साक्षर दर ७२.९ प्रतिशत रहेको छ जसमा महिलाको साक्षर दर ६३.६ प्रतिशत र पुरुषको साक्षरता दर ८२.४ प्रतिशत रहेको छ।

राष्ट्रिय जनगणना वि.सं.२०७८ को तथ्यांक अनुसार यस प्रतापपुर गाउँपालिकामा अपांङ्गता भएका व्यक्तिहरु २.२ प्रतिशत रहेका छन्। जसमा महिलाहरु २.२ प्रतिशत र पुरुषहरु २.२ प्रतिशत रहेका छन्। राष्ट्रिय जनगणना वि.सं.२०७८ को तथ्यांक अनुसार अपांङ्गता भएका व्यक्तिहरुलाई १२ प्रकारमा विभाजन गरिएको छ। जसमा शारिरीक अपांङ्गता भएका व्यक्तिहरु ३५.० प्रतिशत रहेको जसमा महिला २९.४ प्रतिशत र पुरुष २८.७ प्रतिशत, न्यून दृष्टियुक्त २३.० प्रतिशत जसमा महिला २७.८ प्रतिशत र पुरुष १९.० प्रतिशत, दृष्टिविहिन ४.० प्रतिशत, महिला ३.२ प्रतिशत, पुरुष ४.६ प्रतिशत रहेको छ। त्यस्यैगरी बहिरोपन कुल ८.० प्रतिशत, महिला ८.८ प्रतिशत र पुरुष २.७ प्रतिशत, मनोसामाजिक अपांङ्गता २.७ प्रतिशत, महिला २.७ प्रतिशत र पुरुष २.७ प्रतिशत, न्यून श्रवण शक्ति ७.८ प्रतिशत महिला८.१ प्रतिशत र पुरुष ७.६ प्रतिशत, बहिरोपन एवं दृष्टि विहिन १.४ प्रतिशत, महिला १.४ प्रतिशत र पुरुष १.४ प्रतिशत मानसिक वा मनोसामाजिक ६.८ प्रतिशत, महिला



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

६.१ प्रतिशत र पुरुष ७.३ प्रतिशत, बौद्धिक अपांङ्गता २.५ प्रतिशत महिला २.५ प्रतिशत र पुरुष २.४ प्रतिशत, अनुवंशिय रक्त श्राव (हेमोफेलिया) ०.२ प्रतिशत, महिला ०.५ प्रतिशत र पुरुष ०, अटिजम १.२ प्रतिशत महिला १.३ प्रतिशत र पुरुष १.०.६ प्रतिशत, बहु अपांङ्गता ७.४ प्रतिशत, महिला ७.९ प्रतिशत र पुरुष ७.० प्रतिशत रहेको छ ।

## २.१ गाउँपालिकाको लैसअसासको अवस्था

प्रतापपुर गाउँपालिकाले आफ्नो बजेट तथा योजना तर्जुमा साथै अन्य सबै विकासको प्रकृयामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका, पारिएका महिला, मधेसी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, मधेसी दलित( मुसहर, हरिजन, पासी धोवी, जेष्ठ नागरिक, गरिव तथा बिपन्न परिवारको सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको छ । नितृत्व तहमा महिला तथा लक्षित वर्गको सहभागिता हुने गरेको छ । अपाङ्गता सम्वन्धी कार्यविधिको व्यवस्था गरि कार्यान्वयन गरिएको छ । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि परिचय पत्र वितरण गरिएको छ । महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि आर्थिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिएका छन् । विभिन्न समुदाय विचमा रहेको विविधता बिच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, लैंगिक हिंसा, छुवाछुत तथा दाइजो, जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, सचेतिकरण कार्यक्रमको व्यवस्था गरेको छ ।

महिलाहरु तथा लक्षित बर्गको समानुपातिक सहभागिताको आधारमा सामुदायिक विकासका निर्माण तथा समिति, उपसमितिमा सहभागिता भएतापनि निर्णय गर्ने प्रकृया महिलाहरुको न्युन सहभागिता रहेको छ । निर्णय प्रकृयामा सहभागी महिला तथा लक्षित बर्गको क्षमता विकासको अभावको कारण अर्थपुर्ण सहभागिताको सुनिश्चितता हुने सकेको छैन । महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको उल्लेखनिय आर्थिक तथा सामाजिक सशक्तिकरण हुने सकेको छैन । बिभिन्न जातजाति, भाषाभाषी तथा संस्कृतिका समुदाय बिच विविधता रहेको सबै जातजातिको मौलिक संस्कृति र परम्परा संरक्षण गरि समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिकाको संस्थागत संरचना र सेवा प्रवाहलाई लैसअसासको हिसाबले समावेशी र समानता मुलक बनाउन जोड गरेको छ ।

## २.२ लक्षित समुहहरुको नक्सांकन

प्रतापपुर गाउँपालिकालाई लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीमैत्री गाउँपालिका बनाउनको लागि यस गाउँपालिका भित्रका सबै वर्ग तथा समुदायको पहिचान, पहुँच र अर्थपुर्ण सहभागिताको सुनिश्चित गरि आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नुपर्ने हुन्छ । यस गाउँपालिकामा गरिएको परामर्श कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरुसंगको अन्तरवार्ता, लक्षित समुहसँगको छलफल र अन्तरकृयावाट यस गाउँपालिकाको लागि पहिचान भएका लक्षित समुदाय तथा वर्ग र सम्वन्धित सवालहरु निम्न रहेका छन् ।

| क.सं. | लक्षित वर्गको प्राथमिकीकरण | समस्या /सवालहरु |
|---|---|---|
| | अपाङ्गता भएको व्यक्ति | • अपाङ्गतामैत्री भौतिक संरचना नहुनु<br>• क्षमता अनुसारको आर्यआर्जन सम्बन्धी सिप विकासको अभाव |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | • सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु<br>• सामाजिक विभेद<br>• गरिबी,अशिक्षा र दुरव्यवहारको मारमा अपांङ्गता भएका व्यक्तिहरु बढी प्रताडित हुनु<br>• समावेशिकरणको नाममा टाठा बाठाले बढी अवसर लिनु<br>• योजना तर्जुमा प्रकियामा सबै वर्ग क्षेत्र र समुदायको प्रतिनिधित्व अर्थपूर्ण हुन नसक्नु |
| | **मदेशी दलित( मुसहर, हरिजन, पासी आदि ।** | • जातिय छुवाछुत<br>• शिक्षा, स्वस्थ्य,रोजगारी  न्युन पहुँच<br>• गरिवि, आर्थिक बिपन्नता<br>• निर्णय प्रकृयामा तथा नेतृत्व तहमा न्युन सहभगिता<br>• सुचनाको अभाव<br>• लैङ्गिक तथा सामाजिक हिंसा<br>• जनचेतनाको अभाव<br>• सरसफाइ तथा फोहोर व्यवस्थापन समस्या |
| | **मधेसी महिला** | • बाल विवाह, दाईजो<br>• अशिक्षा तथा जनचेतनाको अभाव<br>• आयआर्जनको स्रोतमा न्युन सहभागिता<br>• घरेलु तथा लैङ्गिक हिंसा<br>• समुदाय स्तरको निर्णायक तहमा न्युन सहभागिता<br>• सुचनाको अभाव<br>• स्रोत र साधनमा न्युन पहुँच |
| | **महिला/अपांङ्गता भएका महिलाहरुको सवालहरु** | • नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसकेको<br>• महिलाहरुको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमि।<br>• दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमि।<br>• अधिकांस महिलालाई आफ्नो अधिकार र कानुन्बारे जानकारी नहुनु।<br>• गर्भवती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | नहुदा स्वास्थ्यको जोखिममा पर्नुपर्ने बाध्यता<br>• घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुरब्यबहार र बिभेदबाट पिडित हुनुपर्ने<br>• पुरुष प्रधान समाज तथा परम्परागत सोचका कारण लैङ्गिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु।<br>• मानसिक स्वास्थ्य समस्याको शिकार बन्नु।<br>• आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि।<br>• शिक्षामा समान पहुँच नहुनु।<br>• गर्भवती महिला तथा सुत्केरी महिलाहरुमा पोषणको कमि।<br>• कार्यलयहरुमा लैंगिकमैत्री संरचना तथा ब्यबहारको कमि।<br>• एकल महिला, अपांग, असाह्य महिलाहरुलाई अपमानजनक तथा असमान ब्यबहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु।<br>• चेतनाको कमि। |
| | मुस्लिम महिला | • बालविवाह, बहु विबाह<br>• स्रोत र साधनमा न्युन पहुँच घरायसी तथा सामुदायीक स्तरको निर्णायक तहमा न्युन सहभागिता<br>• सामाजिक तथा लैङ्गिक बिभेद<br>• घरेलु तथा महिला हिंसा<br>• दाईजो प्रथा<br>• प्रजनन् स्वस्थ्यमा समस्या<br>• अशिक्षा तथा जनचेतनाको अभाव |
| | **जेष्ठनागरीक** | • पारिवारीक बोझको सामना<br>• स्वस्थ्य परिक्षणमा समस्या<br>• एक्लोपन |
| | **बालबालिका** | • गरिव तथा बिपन्न परिवारको बालबालिकाले बिद्यालय छोड्ने, नजाने<br>• बाल श्रम र हिंसा<br>• साथिको संगत तथा अरुको देखा सिकिले कुलतमा फस्नु<br>• सामाजिक संजालको दुरुपयोग र सामाजिक संजाल प्रयोगकर्तावाट हिंसा |
| | **एकल महिला** | • लैङ्गिक हिंसा<br>• आर्थिक स्रोतमा न्युन सहभागिता |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | • सामाजिक विभेद |
| | **गरिव तथा विपन्न परिवार** | • गरिवि<br>• बेरोजगारी<br>• शिक्षा, स्वस्थ्य तथा आर्थिक स्रोतमा न्युन पहूँच |
| | **यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुह** | • पहिचान नहुनु<br>• सामाजिक विभेद<br>• आर्थिक स्रोतमा न्युन पहुँच |
| | **अति बिपन्न समुदाय** | • सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य<br>• मुख्य पेशा ज्यालामजदुरी<br>• गरिवीका कारण उच्च शिक्ष, स्वास्थ्य र रोजगारबाट बञ्चित<br>• सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुबिधामा पहुँच कमी ।<br>• अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु।<br>• निर्णयक तहमा सहभागिताको पहुँच न्यून। |
| | **किसान** | • खेतीयोग्य जमिनमा दिगो सिंचाइको व्यवस्था नहुनु ।<br>• वर्गीकृत कृषकहरुलाई परिचयपत्र व्यवस्था गर्न नसक्नु ।<br>• रासायनिक मल खाद समयमा उपलब्ध नहुनु ।<br>• उत्पादन गरिएका वस्तुहरुको प्रबर्द्धन र बजारीकरणको व्यवस्था नहुनु । |
| | मजदुर | • मजदुरहरुको नामावली गाउँपालिकामा सुचिकृत नहुनु ।<br>• मजदुरहरु अपहेलीत हुनु र समान ज्याला नहुनु ।<br>• कामको अवसर नहुनु<br>• मजदुरहरुको सगठन व्यवस्थित नहुनु ।<br>• मजदुरले खुलारुपमा आवाज उठाउन नसक्नु<br>• जन्मदर्ता विवाह दर्ता नागरिकताको समस्या |
| | पिछडीएको क्षेत्र तथा समुदाय | • शिक्षामा पहुँच नहुनु<br>• नेतृत्व पंक्तीमा सहभागीता नहुनु<br>• जनचेतनाको अभाव<br>• बाल बिवाह र बहु बिवाह बढी हुनु । |



प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश नेपाल

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | • आर्थिक अवस्था कमजोर गरीबी र बेरोजगारी<br>• भेष भुषा र भाषाको संरक्षणमा कमी |
| | **सुकुम्वासी** | • राज्यका निकायका सेवा सुविधावाट बञ्चीत हुनु ।<br>• वित्तिय संस्थाहरुमा पहुँच नपुग्नु<br>• राज्यका मूल प्रवाहीकरणमा समावेश हुन नसक्नु ।<br>• जग्गा बिहिन भएर बस्नु पर्ने ।<br>• विभेद सहेर बस्नु पर्ने ।<br>• आयअर्जनमा समावेश हुन नसक्नु<br>• शिक्षावाट वञ्चित हुनु |
| | **पिछडीएको क्षेत्र तथा समुदाय** | • शिक्षामा पहुँच नहुनु<br>• नेतृत्व पंक्तीमा सहभागीता नहुनु<br>• जनचेतनाको अभाव<br>• बाल बिवाह र बहु बिवाह बढी हुनु ।<br>• आर्थिक अवस्था कमजोर गरीबी र बेरोजगारी<br>• भेष भुषा र भाषाको संरक्षणमा कमी |
| | **द्धन्द्ध पीडित तथा प्रभावित समुदाय ( मृतक परिवार, बेपत्ता परिवार घाईते अपांगता भएका व्यक्तिहरु)** | • अझसम्म न्याय नपाएको ।<br>• शिक्षा स्वास्थ्य पाउन समस्या भएको<br>• निर्णायक भूमिकामा पुग्न नसक्नु<br>• विभेद सहेर बस्नु पर्ने ।<br>• बसाइँ सराईँको अवस्थामा पुग्नुपर्ने ।<br>• मनोसामाजिक समस्या रहेको<br>• आयआर्जनमा समस्या |

## २.३ सरोकारवालाहरुको विश्लेषण

लैसअसासको नीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विकास साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक वीच आवश्यक सहकार्य र साझेदारी कार्यका लागि बिभिन्न सरोकारवालाहरुसँग सहकार्य गरिनेछ ।

| **क्र.स** | **लैसअसासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला** | **लैसअसास नीति कार्यान्वयनको लागि सरोकारवालाको भुमिका तथा कार्य** |
|---|---|---|
| १. | प्रतापुर गाउँपालिका | • लैसअसास सम्बन्धी नीति , रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने ।<br>• अपांङ्गतामैत्री संरचना निर्माणमा जोड दिने ।<br>• लैसअसासको लागि आवश्यक बजेट बिनियोजन |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने । |
| २. | लैसअसास कार्यन्वयन समिति | • गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानुन, कार्यविधि , आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समाबेश गरि मुल प्रवाहीकरण गर्ने ।<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैसअसासका समस्या समाधान हुने गरी उत्तरदायी वजेट बनाउन प्रविधिक सहयोग गर्ने<br>• लैसअसास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरि लैसअसास क्षमता अभिबृदि कार्यक्रम संचालन गर्ने र गराउने ।<br>• लैसअसास नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने |
| ३. | न्यायिक समिति | • कानूनी उपचारमा लक्षित वर्गको सहभागिता र पहुँचसुक्त बनाउने ।<br>• निर्माण भएका ऐन कानूनहरुलाई लक्षित वर्ग अनुकुल पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>• गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारिस गर्ने ।<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने । |
| ४. | महिला तथा बालबालिका विकास शाखा | • लैसअसास सम्बन्धी बनेका नीतिको कार्यान्वयन गराउने ।<br>• लक्षित बर्गहरुको तथ्यांक संकलन, पहिचान तथा वर्गीकरण गर्ने<br>• लक्षित वर्गहरुलाई कानूनी उपचारमा उचित व्यवस्थापन गरी आर्थिकस्तर बृद्धि गर्न रोजगार प्रवर्द्धन गरी आत्मा निर्भर बनाउन पहल गर्ने ।<br>• महिला बालबालिका अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित बर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैसअसासको शिर्षकमा विनियोन भएको बजेटको समयमा नै खर्च गर्ने ।<br>• लैसअसासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रवधानहरु र प्रतिवद्दताहरुबारे अन्य |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरि कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने । |
| ५. | वडा समिति | • वडातहको लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनौट प्रकृयामा महिला, अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गसँग छुट्टाछुट्टै छलफल गरी उनीहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने ।<br>• टोलस्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने । |
| ६. | मेलमिलाप कर्ता | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्दालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारीस गर्ने। |
| ७. | टोल विकास संस्था | • टोलमा संचालन हुने विकास निर्माण योजनहरुको तर्जुमा तथा कार्यान्वयनमा महिला तथा अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गराउने ।<br>• टौलमा बसोवास गर्ने गरिव, अपाङ्गता भएका व्यक्तिहरु, तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने<br>• सबै प्रकारको हिंसा, बाल श्रम तथा बाध्यामक श्रम, बालविवाह लगाएतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्ने जनचेतना अभिवृद्धि गर्ने ।<br>• आफ्नो टोललाई वातावरणमैत्री अपाङ्गतामैत्री, बालमैत्री, पोषणमैत्री, लैसअसासमैत्री र पुर्ण सरसफाई युक्त बनाउन कार्यक्रम संचालन गर्ने ।<br>• टोलमा धनि गरिवको भावना हटाई सबै वर्गलाई निर्णय प्रकृया र श्रोत परिचालनमा समान अधीकारको प्रत्याभुति गर्ने । |
| ८. | इलाका प्रहरी कार्यलय, महिला सेल | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषी उपर कार्वाही गर्ने ।<br>• महिलामैत्री,बालमैत्री र अपांगतामैत्री व्यवहारसँगै पीडितमैत्री न्याय सम्पादन गर्ने |
| ९. | नागरीक समाज( बाल क्लव, युवा क्लव, आमा समुह, सामुदायिक तथा गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरु | • महिला, अपांङ्गता भएका व्यक्तिहरु तथा बञ्चितिकरणमा परेका समुहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुको तर्जुमा, कार्यान्वयन एंव अनुगमनमा सहयोग गर्ने । |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | • समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने । <br>• सामाजिक बिभेद तथा कुरिती विरुद्द आवाज उठाउने र जनचेतना मुलक कार्यक्रम गर्ने । |
| १०. | सहकारी संघ संस्थाहरु | • महिला, अपांङ्गता भएका व्यक्तिहरु र वञ्चितिकरणमा परेका, पारिएका समुदायहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने । <br>• उद्यमशिलता बिकासका लागि लगानी तथा क्षमता बिकास गर्ने । |
| ११. | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने । <br>• आफ्नो वस्ती वरिपरिको खण्डिकृत सुचनाको अभिलेख राख्ने । <br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्द आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने । <br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने । |
| १२. | संचार माध्यम | • राज्यका मुलधारमा आउन नसकेका समुदायका सवालहरुको उठान गर्ने । <br>• राज्यले गरेका कामको नागरिकहरुलाई सूचना प्रवाह गर्ने । <br>• स्थानीय सरकारलाई सुशासन प्रवर्द्धन गरी नागरिकप्रति जवाफदेहि बनाउने गरी सूचना प्रवाह गर्ने |
| १३ | जिल्ला प्रशासन कार्यलय | • शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्ने <br>• नागरिकता वितरण गर्ने । <br>• सार्वजनिक अपराधको नियन्त्रण गर्ने |
| १४. | जिल्ला अदालत | • पीडितलाई न्याय दिने <br>• महिला , बालबालिका तथा नागरिक अधिकारको रक्षा गर्ने । |

**२.४ गाउँपालिकाको लैसअसासको सवल पक्ष र कमजोर पक्ष तथा अवसर र चुनौती को विश्लेषण**

| सवल पक्षहरु | सुधार गर्नुपर्ने |
|---|---|
| • गाउँपालिकमा आवश्यक नीति, ऐन, निर्देशिका तथा कार्यविधीहरु निर्माण हुनु <br>• गाउँपालिकामा महिला, बालबालिका, | • गाउँपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको लैसअसास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्य विधि |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

अपाङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक विकासका लागि बजेट विनियोजन हुने गरेको ।

- महिला हिंसा, सामाजिक तथा लैङ्गिक विभेद र सामाजिक कुसंस्कार विरुद्द समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गरिएको
- अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र र सहुलियत कार्यक्रम तथा पुनस्थापन केन्द्र संचालनमा रहेको
- महिला तथा आर्थिक रुपमा विपन्न परिवारको लागि सिप विकास, स्वरोरगारी तथा आयआर्जनका कार्यक्रमहरु संचालनमा रहेको ।
- लागु औषधी तथा दुव्यसनीमा फसेका व्यक्तिहरुको लागि दुर्व्यसनीमुक्त सम्बन्धी कार्यक्रमहरु संचालन गर्न बिभिन्न निकायहरुसंग सहकार्य गरिएको ।
- सुत्केरी तथा गर्भबती महिलालाई पोषण सुधार तथा जोखिक न्युनिकरणको लागि सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम रहेको
- गरिब तथा बिपन्न परिवारका बालबालिकालाई निशुल्क झोला, पुस्तक तथा पोशाक बितरण तथा दिवा खाजाको व्यवस्थापन
- बिद्यालयमा किशोर, किशोरीहरुलाई साथी शिक्षा कार्यक्रम संचलनमा रहेको छ ।
- समुदाय बिद्यालयको गुणस्तर सुधारको लागि कार्यक्रमगरु गरिएको ।
- गाउँपालिका तथा समुदाय स्तरमा गठन हुने समिति, उपसमिति, कार्यदल, समुह तथा संजालहरु महिला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी २००६ लाई नेपाल सरकारले हस्ताक्षर र अनुमोदन गर्नु ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन् २०७४ नियमावली २०७७ निर्माण गरी कार्यान्वयन गर्नु ।
- अपाङ्गता व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारलाई संविधानले अधिकार तथा निर्देशिकालाई लैसअसासमैत्री बनाउने ।
- सबै किसिमका अपांङ्गता भएका व्यक्तिहरुका लागि उपयुक्त नीति तथा निर्देशिका बनाउने ।
- अपांङ्गता भएका व्यक्तिहरुको वर्गीकृत एकिन तथ्यांकन संकलन गरी आवश्यकताको आधारमा लक्षित कार्यक्रम संचालन गर्ने ।
- अपांङ्गता भएका व्यक्तिहरुको शैक्षिक पहुँचको अवस्था एकिन गरी अपांगमैत्री शिक्षण सिकाईको वातावरण श्रृजना गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य उपचार, पुर्नस्थापना र संरक्षण गर्न सामाजिक उत्थान तथा सशक्तिकरणका लागि कार्यक्रमहरु संचालन गर्ने ।
- योजना तथा बजेट तर्जुमा प्रकृयामा महिला, बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई त्यस बर्गको व्यवहारीक तथा रणनैतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनोट गर्ने ।
- अपांङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहायक सामाग्रीहरुको व्यवस्थापन तथा उनीहरुप्रति गरिने सामाजिक दृष्टिकोण, मुल्य मान्यता परिवर्तन गरि सम्मानपूर्वक बाँच्न पाउने
- समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधित्व गर्ने महिला बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित बर्गको क्षमता विकास गरी अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने
- पालिकाका सबै संरचनाहरु अपाङ्गतामैत्री, महिला तथा बालमैत्री बनाउनु पर्ने
- नयाँ बन्ने भवनलाई अनिवार्य रुपमा बालबालिका, अपांङ्गतामैत्री भवन निर्माण गर्नुपर्ने
- महिला हिंसा, बालविवाह, घरायसी हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपुर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नुपर्ने
- महिला बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि उद्यमशिलता विकास सम्बन्धी कार्यक्रमहरु गर्नुपर्ने
- लैसअसासको लागि आबश्यक बिस्तृत खण्डिकृत तथ्यांक संकलन र अभिलेखिकरण गर्नुपर्ने



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | |
|---|---|
| दिनु ।<br>• अपाङ्गतां परिचयपत्र कार्यविधि हुनु | • विपद् जोखिम न्यनिकरण तथा व्यवस्थापना सम्बन्धी निर्णायक तहमा महिला बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको सहभागिताको सुनिश्चितता गर्नुपर्ने<br>• गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणालीलाई लैसअसासमैत्री बनाउनु पर्ने |
| **अवसर** | **चुनौती** |
| • गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार संघिय तथा प्रदेशको कानूनसँग नबाझिने गरि नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यन्वयनको अधिकार<br>• लैसअसासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु रहेको<br>• गाउँपालिकाको बजेट सीमा निर्धारण समितिलाई लैसअसासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु ।<br>• | • गाउँपालिकाको सम्पुर्ण संस्थागत संरचनामा सबै बर्ग, लिङ्ग र जातजाति र समुदायको पूर्ण सहभागिता सुनिश्चित गर्नु<br>• अपांङ्गतामैत्री भौतिक संरचना नहुनु<br>• अपांङ्गता भएका व्यक्तिहरुको एकिन तथ्यांक नहुनु<br>• सकारात्मक विभेद, आरक्षणहरु जसले पाउनुपर्ने उनीहरुले नपाएर पहुँच भएका टाठा बाठाले बढी अवसर लिनु<br>• बिभिन्न लिङ्ग, बर्ग र जातजाति वीच विभेद तथा सामाजिक कुसंस्कारको अन्त्य गर्नु<br>• ऐन, नीति तथा कानुनको व्यवहारीक कार्यान्वयन नहुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु<br>• अपाङ्गता भएका व्यक्तिहरुको व्यवस्थापनका लागि दक्ष जनशक्तिको अभाव हुनु<br>• स्थानीय सरकारसँग प्राप्त स्रोत नहुनु ।<br>• अपाङ्गता भएका व्यक्तिहरुमा आत्म बल कमजोर हुनु । |

## २.५ प्रतापपुर गाउँपालिका र वडागत रुपमा लैसअसासका प्रमुख सवालहरु

१.गाउँपालिकाको नीति, कार्यविधि, योजना छनौट तथा बजेट तर्जुमा प्रकृयामा लैसअसास मुलप्रवाहिकरण नहुनु

२.महिला तथा लक्षित बर्गको नेतृत्व तह तथा निर्णायक प्रकृयामा अर्थपूर्ण सहभागिता न्युन रहनु

३. लैसअसास सम्बन्धी बिस्तृत खण्डिकृत तथ्याङ्क नहुनु

४. महिला तथा लक्षित वर्गको आर्थिक स्रोतमा न्युन पहुँच, बेरोजगारी तथा सामाजिक सशक्तिकरण न्युन



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

५.लैङ्गिक हिंसा, घरलु हिंसा, सामाजिक विभेद, सामाजिक कुप्रथाहरु ( बाल विवाह, दाइजो प्रथा, जातिय विभेद ) पिछडिएको बर्ग तथा समुदायमा विद्ध्यमान रहनु।

६. लैङ्गिक उत्तरदायी बजेट विनियोजना र लैसअसास परिक्षण निरन्तर नहुनु ।

७. गाउँपालिकामा लैसअसास सम्बन्धी नीति, निर्देशीका तथा रणनीति निर्माण नहुनु

८. गाउँपालिकाका सबै पदाधिकारी तथा कर्मचारी लैसअसासबारे कम सचेत रहुनु तथा लैसअसास बिषय गाँउपालिको न्युन प्राथमिकताको विषयमा बन्नु ।

९. भैतिक संरचनाहरु अपाङ्गतामैत्री, महिला मैत्री तथा बाल मैत्री नहुनु

**३.समस्या र चुनौती**

प्रतापपुर गाउँपालिकामा महिलामाथि हुने संरचना तथा संस्थागत विभेद कायमै रहेको छ भने अपांङ्गता भएका व्यक्तिहरुको अवस्था पनि झनै दयनीय रहेको छ । असमान शक्ति सम्बन्ध रहेको लैङ्गितामा आधारित विभेद तथा हानिकारक अभ्यास बाल विवाह, दाइजो प्रथा, जातिय छुवाछुत तथा भेदभाव लगायतका गंभिर समस्याहरु यस पालिकामा रहेका छन् । लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशिकरण प्रस्टाउने खण्डिकृत तथ्याङ्कको अभाव, सरकारका नीति तथा कार्यक्रमहरु लैसअसासमैत्री नहुनु, वा कम प्राथमिकतामा पर्नु, लैङ्गिक मूलप्रवाहीकरण गर्ने खालको क्षमता कमज़ोर,लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको अभाव रहेको छ ।

लैङ्गिक समानता हासिल गर्नका लागि आर्थिक, सामाजिक,राजनीतिक, साँस्कृतिक संरचनागत र मनोबैज्ञानिक र व्यवहारिक पक्षमा रहेका अवरोध र बाधा अडचनलाई दीगो रुपमा व्यवस्थापन गर्न प्रतापपुर गाउँपालिकाले लिएको लैसअसास नीति बमोजिम पालिका रहेका हरेक संरचनालाई लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशिकरणमैत्री बनाउनु र सोको प्रभावकारि कार्यान्वयन गर्नु, पालिकाभित्र रहेका बालविवाह, गौना, थौना, बालविवाहको अन्त्य गर्नु, जातिय भेदभाव, सामाजिक विभेद र पालिकाभित्र रहेका हानिकारक अभ्यासहरुको अन्त्य गर्नु, लैङ्गिक सवाललाई आन्तरिकीकरण गर्नु , उच्च शिक्षालाई महिला तथा अपांङ्गता भएका व्यक्तिहरुको पहुँचमा पुरयाउनु, किशोरीमाथि हुने खालका हिंसाको अन्तय गर्नु, बालमृत्यु दर र मातृमृत्यु दरलाई शुन्यमा झारेर लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशिकरण सहितको रुपान्तरण गर्नु प्रतापपुर गाउँपालिकाको मुख्य चुनौती हुन् ।

**४.नीतिको आवश्यकता र औचित्व**

नेपालको संविधान २०७२ मा व्यवस्था भएको मौलिक हक राज्यको पुर्नरसंरचना र अधिकारको बाँडफाँड र कार्यान्वयनलाई प्रभावकारी बनाउन लैङ्गिक समानता, अपाङ्गताका साथै सामाजिक समावेशिकरणका लागि तीन तहका सरकार नीजि क्षेत्र, विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाको भूमिकालाई स्पष्ट बनाउन, आवधिक योजनाका लक्ष्य एवं उद्देश्य हासिल गर्न, दीगो विकास लक्ष्य प्राप्त गर्नका लागि समाजमा पछाडी पारिएका वर्ग समुदायहरु, महिला, बालबालिका, दलित अपांङ्गता भएको व्यक्तिहरु, आदिवासी जनजाति;मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायको विकास र सशक्तिकरण गरी समृद्ध र



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

न्यायपूर्ण समाजको स्थापना गर्न, सम्मान, संरक्षण र प्रवर्द्धन गर्नको लागि लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण नीतिको आवश्यकता रहेको छ।

**५ नीतिको मार्गदर्शक सिद्धान्त**

लैसअसास प्रवर्द्धनका लागि यस गाँउपालिकाको निम्न सिद्धान्त तथा मुल्य मान्यताहरु रहेका छन्। यिनै सिद्धान्त र मुल्य मान्यता मार्फत लैसअसास नीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुर्याइने छ।

**१.विभेदरहित ( Non discrimination)**

यो नीति कार्यान्यवनको सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरु तथा पिछडिएका क्षेत्र तथा समुदायको जातजाति, आर्थिक, सामाजिक अबस्थाको आधारमा भेदभाव गरिने छैन।

**२.सारभुत समानता( Substantive equality_**

यो नीतिले लैङ्गिकताको विशेष गरेर राज्यको मुलधारमा आउन नसकेका वर्ग,लिङ्ग र समुदायका सवालमा सारभुत समानता जस्तै भुमिका, उत्तरदायित्व, अधिकार र परिमाणमा समानताको सिद्दान्तलाई आत्मसात गरेको छ।

**३.कोहि पछाडी नछुटुन (Leave no one Behind )**

यस नीतिले दिगो विकास लक्ष्यको कोही पनि पछाडी नछुटुन भन्ने अवधारणलाई अपनाएको छ।

**४.समान सहभागिता (Meaningful Participation)**

यो नीतिले गाउँपालिकाको हरेक विकास योजना तर्जुमा र कार्यान्वयनमा सबै लिङ्ग, वर्ग, जाती, क्षेत्र तथा अपांङ्गता भएका व्यक्तिहरुको समानुपातिक आधारमा अर्थपुर्ण सहभागिताको सुनिश्चिता गरेको छ।

**५.उत्तरदायित्व तथा जवाफदेहिता (Accountability and Responsibility)**

यो नीति कार्यान्वयनको लागि यस गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीको उत्तरदायित्व साथै क्रममा आउन सक्ने हरेक अवस्थामा गाउँपालाकका जनप्रतिनिधि तथा कर्मचारी, सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अंगिकार गरेको छ।

**६.साझेदारीता र सहकार्य: (Partnership and Cooperation?)**

यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लैसअसास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

**७. शुन्य सहनशीलता (Zero Tolerance)**



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

यो नीतिले गाउँपालिका भित्र हुने लैङ्गिक तथा अन्य हिंसाका घटनाहरुमा शुन्य सहनशिलताको अंगिकार गरेको छ।

### ८. सकारात्मक विभेदको नीति Positive Discrimination)

यो नीतिले गाउँपालिका भित्रका लक्षित वर्गको हित र संरक्षणका लागि सकारात्मक विभेदको नीति अबलम्बन गरेको छ।

### ९. पहुँचयुक्तता (Accessibility)

पहुँचयुक्तता भन्नाले "उपयुक्त तरिका अपनाएर भौतिक वातावरण, यातायात, सूचना, तथा सञ्चारका साथसाथै सूचना तथा सञ्चार प्रविधि तथा प्रणालीहरू र ग्रामीण तथा सहरी दुबै क्षेत्रमा जनतालाई खुला गरिएका वा प्रदान गरिएका अन्य सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अरू व्यक्तिहरू समान अनुकूलता वा सहजता सुनिश्चित गर्नु हो। यू एन सी आर पी डी २००६ , धारा २ र ९

### उपयुक्त अनुकूलता (Reasonable Accommodation)

"उपयुक्त अनुकूलता" भन्नाले कुनै विशेष स्थितिमा अतिरिक्त भार नहुने गरी अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरू सरह सम्पूर्ण मानव अधिकार तथा आधारभूत स्वन्त्रताको आनन्द वा अभ्यास गर्न पाउने कुरा सुनिश्चित गर्न गरिने आवश्यक तथा यथोचित रूपान्तरण तथा समायोजन हो।

विश्वव्यापी ढाँचा (Universal Design)"विश्वव्यापी ढाँचा" भन्नाले कुनै अनुकूलन वा विशिष्ट कृत ढाँचाको आवश्यकता बिना सबै मानिसहरूले उच्चतम तहसम्म प्रयोग गर्न मिल्ने गरी उत्पादन, वातावरण, कार्यक्रम, तथा सेवाहरूको ढाँचा वा रूप भन्ने बुझिन्छ। "विश्वव्यापी ढाँचा" ले अपाङ्गता भएका व्यक्तिहरूले आवश्यक पर्दा प्रयोग गर्नुपर्ने सहायक उपकरणहरूलाई बहिष्करण गर्ने छैन। (यू एन सी आर पी डी २००६ धारा २)

### ६. नीति योजना निर्माणको विधि तथा प्रकृया

प्रतापपुर गाउँपालिकाको लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण नीति तयार गर्न गाउँपालिकाका लैसअसास क्षेत्रमा काम गर्ने बिभिन्न सरोकारवालासँग समन्वय र सहकार्यमा गरिएको थियो। गाउँपालिका अध्यक्ष उपाध्यक्ष सहितको विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरुको सक्रिय सहभागितामा कार्यशाला गरी आधारभुत तथ्याङ्क तथा जानकारी संलकन गरिएको थियो।। लैसअसासलाई मुलप्रवाहीकरण नीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्बन गरिएको थियो।

क) गाउँपालिकामा निर्माण भएका नीति, कानुन, तथा कार्यविधि तथा लैसअसास समबन्धी अन्य दस्तावेजहरुको लैसअसासको दृष्टिकोणबाट अध्ययन तथा पुरावलोकन

ख) गाउँपालिको मुख्य सरोकारवालासँग छलफल गरी आवश्यकताको पहिचान तथा जानकारी संकलन

ग) पालिकाको कार्यशाला

घ) लक्षित वर्ग केन्द्रित छलफल

ङ) स्थलगत भ्रमण



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

च) मस्यौदा नीतिबारे छलफल तथा सुझाव संकलन

छ) कार्यपालिकाबाट स्वकृति

नीतिको मार्गदर्शन सिद्धान्त

**७. लैसअसास परिभाषा - मुख्य शव्दावलीहरु**

क) "गाउँपालिका" भन्नाले प्रतापपुर गाँउपालिका सम्झिनु पर्छ ।

ख) "लैङ्गिक समानता, अपाङ्गता" भन्नाले महिला र पुरुष, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनुपर्छ ।

ग) "सामाजिक समावेशीकरण"भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ ।

घ) "लैसअसस"भन्नालै लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ ।

ङ) 'योजना' भन्नाले समग्र विकास निर्माण सम्वन्धि कार्यको लागि तयार गरिएको गाउँपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, विषयगत गुरुयोजना, आदि सम्झनु पर्छ ।

च) "गैरसरकारी संस्था"भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनुपर्छ ।

छ) "स्थानीयकरण"भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

ज) "बञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिकअल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका र पारिएका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरीक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

झ) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ञ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष अपाङ्गता भएका व्यक्तिलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

ट) "लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला, पुरुष, अपाङ्गता भएका व्यक्तिहरु र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुन: सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

ठ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनुपर्छ।

ड) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरूप्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

ढ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

ण) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

त) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउंदछ।

थ) "लैङ्गिक प्रभाव विश्लेषण"भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कति लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

द) "सशक्तिकरण"भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, पारिएका अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

ध) अपाङ्गता भएका व्यक्ति (Persons with Disabilities–PwD)



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

"अपाङ्गता भएका व्यक्ति" भन्नाले त्यस्तो व्यक्तिलाई बुझाउँछ जसमा दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक, वा सम्वेदात्मक अपाङ्गता वा क्रियात्मक असमर्थता वा विद्यमान बाधाहरू रहेका हुन्छन् जसले सामाजिक जीवनमा अरू व्यक्तिहरू समान पूर्ण तथा प्रभावकारी सहभागिता हुनमा उनींहरूलाई अवरोध पुऱ्याइरहेका हुन्छन् । ( नेपालको अपाङ्गता अधिकार ऐन २०७४)

**८.लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण नीतिको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु**

**दीर्घकालीन सोचः**

"लैङ्गिक,सामाजिक तथा संस्कृतिक विभेदको अन्त्य गरी सुशिक्षित, मर्यादित, आर्थिक समुन्नत र सामाजिक न्यायमा आधारित आत्म निर्भर गाउँपालिकाको निर्मण गर्ने"

**ध्येयः**

"लैङ्गिक तथा सामाजिक उत्तरदायी संस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक समाजको निर्माण गर्ने"।

**लक्ष्यः**

"समाजमा बिद्मयमान असमानता बिभेद तथा भेदभावजन्य प्रचलन र व्यवहारको अन्त्य गर्दै पहुँचयुक्त समानुपातिक सहभागिता मार्फत महिला तथा पिछडिएको वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने"।

**९ उद्देश्यहरुः**

१. लैङ्गिक समानता अपांङ्गता तथा सामाजकि समावेशीकरणलाई गाउँपालिकाको कार्य प्रणालीमा दीगो रुपमा संस्थागत गरी भौतिक पूर्वाधार, यातायात, शिक्षा तथा संचार प्रविधिलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा पहुँच योग्य बनाउनु ।

२. प्रतापपुर गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैसअसास उत्तरदायी बनाई महिला तथा लक्षित वर्गको सामाजिक तथा आर्थिक सशक्तिकरण सामाजिक सुरक्षा, पुर्नस्थापना र आधारभुत अधिकारहरुको सुनिश्चित गरी प्रतिष्पर्धी नागरिक तयार पार्ने ।

३. गाउँपालिकामा महिला बालबालिका अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको संस्थागत संरचना तथा निर्णायक तहमा सम्मानजनक र अर्थपुर्ण सहभागिताको सुनिश्चितता गरि लैसअसास नीतिलाई स्थानीयकरण गर्ने ।

४. लैसअसासबारे संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै संघिय तथा प्रदेश सरकारको लैसअसास सम्बन्धमा गरिएका प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्ने।

५. गाउँपालिकाको सबै कार्यक्रम, योजना तथा बजेट तर्जुमा र कार्यान्वयनको प्रत्येक चरणमा लैसअसास दृष्ट्रिकोणबाट अनुगमन तथा मुल्याङ्कन गर्ने



प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

६. लिङ्ग, धर्म, वर्ग, जात र शारिरीक अवस्थाको आधारमा गरिने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्नु ।

## १०. रणनीति

यस नीतिले लिएका उद्देश्य हासिल गर्नका लागि देहायका रणनीति कार्यान्वयनमा ल्याइने छ ।

१. लैङ्गिक समानता अपांङ्गता तथा सामाजकि समावेशीकरणलाई गाउँपालिकाको कार्य प्रणालीमा दीगो रुपमा संस्थागत गरी भौतिक पूर्वाधार, यातायात, शिक्षा तथा संचार प्रविधिलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा पहुँच योग्य बनाउन संवेदनशिल हुने । (उद्देश्य १)

२ कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट प्रतापपुर गाउँपालिकाका हरेक तहमा समावेशी एवं समता मूलक प्रणालीको विकास गरी राज्यको मूलधारमा आउन नसकेका वर्ग, क्षेत्र, लिङ्ग सबै लक्षित वर्गलाई समावेश गर्ने ।

३. भौतिक संरचना यातायात सेवा सुविधा, साधन श्रोत र सूचना प्रविधिलाई पहुँचयुक्त बनाई अपांङ्गता भएका व्यक्तिहरुलाई समाजमा प्रभावकारी रुपमा राज्यको मुलधारमा समावेशीकरण गर्ने । (उद्देश्य १)

४.स्थानीय तहले वजेट विनियोजन गर्दा लक्षित वर्गले लाभ प्राप्त गर्ने गरी प्रबन्ध गर्ने र वजेटका आधारमा कार्यक्रमका नभइ लक्षित वर्गको आवश्यकताको आधारमा वजेट विनियोजन गर्ने । (उद्देश्य २)

५. प्रतापपुर गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैसअसास उत्तरदायी बनाई महिला तथा लक्षित वर्गको सामाजिक तथा आर्थिक सशक्तिकरण सामाजिक सुरक्षा, पुर्नस्थापना र आधारभुत अधिकारहरुको सुनिश्चित गरी प्रतिष्पर्धी गर्नका लागि लैसाअससामैत्री योजना तथा कार्यकम संचालन गरिनेछ । (उद्देश्य २)

६.सबै किसिमका अपांगता भएका व्यक्ति लगायत सामाजिक आर्थिक र राजनैतिक रुपमा पछाडी परेका र पारिएका वर्ग समुदाय क्षेत्र लिंङ्ग लगायतका व्यक्ति तथा समूहलाई राज्यको मूलधारमा समावेश गरी अपनत्व कायम गर्ने गरी स्थानीयकरण गरिनेछ ।( उद्देश्य २)

७. राज्यको मुलधारमा आउन नसकेका अवसरबाट बञ्चित समुदायहरु महिला, बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत समुदाय र अति विपन्न परिवारको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवन यापनको वातावरण सुनिश्चित गर्ने । (उद्देश्य २)

८. गाउँपालिकामा महिला बालबालिका अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको संस्थागत संरचना तथा निर्णायक तहमा सम्मानजनक र अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने । (उद्देश्य ३)

९. Power, Resources, Opportunity and Authority को Rightful Sharing गरी सामाजिक न्याय र सम्मानता कायम गरी, स्थानीय तहको समावेशिता सम्बन्धी नीति नीतिको कार्यान्वयन र नतिजा बीच समुचीत तालमेल कायम गर्ने । (उद्देश्य ४



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

१०. लैसअसासबारे संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, र नेपाल पक्ष राष्ट्र भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै संघिय तथा प्रदेश सरकारको लैसअसास सम्बन्धमा गरिएका प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्ने । (उद्देश्य नं.४)

११. समावेसिकरणका लागि अवलम्बन गरिएका सकारात्मक विभेद समानुपातिक प्रतिनिधित्व र आरक्षणमा लक्षित वर्गको पहुँच कायम गर्ने । (उद्देश्य ४)

१२. सामाजिक संरक्षण र सुरक्षाको दायरा विस्तार गरी महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु लगायत विपन्न वर्ग समुदायको जनजीवनलाइ व्यवस्थित सुरक्षित र मर्यादित वनाई लक्षित वर्गको पहिचान गरी नतिजामुखि कार्यक्रम सञ्चालन गर्ने ।

१३. गाउँपालिकाको नीति, योजना, कार्यकम तथा बजेट तर्जुमा र कार्यान्वयनको प्रत्येक चरणमा लैसअसास दृष्ट्रिकोणबाट अनुगमन तथा मुल्याङ्कन गर्दा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने । (उद्देश्य ५)

१४. आधुनिक उपकरण र प्रविधिको छरितो हस्तान्तरण कार्यक्रम सञ्चालन गरी अपांगता भएका व्यक्तिको दैनिक क्रियाकलापमा सहजता ल्याउन लक्षित वर्गको मागमा आधारित जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने । (उद्देश्य ५)

१५ दृष्टिविहिन व्यक्तिलाइ ब्रेल लिपिबाट र बहिरा तथा स्वर सम्बन्धित अपांगता व्यक्तिलाइ सांकेतिक भाषा र विपन्न वर्ग समुदायका व्यक्ति सहज विद्यालय शिक्षाको पहुँचको प्रबन्ध गर्ने । (उद्देश्य ५)

१६. लिङ्ग, धर्म,वर्ण, जात र शारिरीक अवस्थाको आधारमा गरिने सबै प्रकारका हिंसा र विभेदको अन्त्यका लागि कानूनी तथा संस्थागत क्षमता अभिबृद्धि गर्ने (उद्देश्य ६)

१७.लैङ्गिक हिंसा प्रभावितका लागि निरोधात्मक, उपचारात्मक, संरक्षणात्मक, प्रवर्द्धनात्मक तथा पुर्नस्थापना सेवाको विस्तार र कार्यान्वयन क्षमता सुदृढ गर्ने (उद्देश्य ६)

**११. नीति तथा कार्यनीतिहरु**

**रणनीति १.**लैङ्गिक समानता अपांङ्गता तथा सामाजकि समावेशीकरणलाई गाउँपालिकाको कार्य प्रणालीमा दीगो रुपमा संस्थागत गरी भौतिक पूर्वाधार, यातायात, शिक्षा तथा संचार प्रविधिलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा पहुँच योग्य बनाउने ।

**नीति तथा कार्यनीति**

क) गाउँपालिकामा लैसअसासको अबधारणालाई संस्थागत गर्न पालिको ऐन, नीति, कानुन, आवधिक योजना, योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रकृयाहरुको लैसअसासको दृष्टिकोणबाट पुनरावलोकन तथा तर्जुमा गरिनेछ ।

ख) सबै किसिमका अपांङ्गता भएका व्यक्ति लगायत सामाजिक आर्थिक र राजनीतिक रुपमा पछाडी पारिएका वर्ग, समुदाय, क्षेत्र लिङ्गका व्यक्ति तथा समूहलाई राज्यको मूलधारमा समावेश गरी अपन्त्व कायम गर्ने कानूनी प्रवन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट प्रतापपुर गाउँपालिकामा समावेशी एवं समतामूलक प्रणालीको विकास गरिनेछ ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

ग) लैङ्गिक समानता अपांङ्गता तथा सामाजिक समावेशिकरण नीतिलाई गाउँपालिकाका सबै जातजाति, वर्ग, धर्म लिङ्गले अपनत्व गर्ने गरी निर्माण गरिने छ ।

घ) गाउँपालिको योजना, कार्यक्रम तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाउँदै सामाजिक रुपमा पिछडिएका वर्गको गुणस्तरिय शिक्षा,स्वस्थ्य तथा रोजगारीलाई प्रबर्द्धन गरिनेछ ।

ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडिएका वर्गको अर्थपुर्ण सहभागिताको सुनुश्चितता गरिनेछ।

**रणनीति** २. कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट प्रतापपुर गाउँपालिकाका हरेक तहमा समावेशी एवं समता मूलक प्रणालीको विकास गरी राज्यको मूलधारमा आउन नसकेका वर्ग, क्षेत्र, लिङ्ग सबै लक्षित वर्गलाई समावेश गर्ने ।

**नीति तथा कार्यनीति**

क) स्रोत र साधनमा पहुँच र नियन्त्रणमा पछाडि परेका र पारिएका महिला तथा बालबालिका तथा अपांङ्गता भएका व्याक्ति तथा लक्षित वर्गको क्षमता विकास गरि गाउँपालिकाको समग्र शासन प्रणालीमा महिला, बालबालिका, अपांङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम, दीर्घरोगी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत अति विपन्न वर्गको अर्थपूर्ण सहभागिता गराई आर्थिक तथा सामाजिक सशक्तिकरण गरिनेछ ।

ख) महिला बालबालिका, अपांङ्गता तथा ज्येष्ठ नागरिकको जिम्मेवारी पाएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रलाई सशक्त र सुदृढ गरिनेछ ।

ग) राज्यको मुलधारमा आउन नसकेका अवसरबाट बञ्चित रहेका समुदायहरुको पहिचान गरि सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

घ) सबै क्षेत्र र तहमा लैङ्गिकमैत्री, अपांङ्गतामैत्री, संवेदनशिल दृष्टिकोण निर्माण गर्नका लागि पालिकाभित्रका प्राथमिक तहदेखि उच्च तहसम्मका शिक्षा प्रणालीलाई लैङ्गिक समता र पहुँचयोग्य बनाइनेछ ।

**रणनीति ३ भौतिक संरचना यातायात सेवा सुविधा, साधन श्रोत र सूचना प्रविधिलाई पहुँचयुक्त बनाई अपांङ्गता भएका व्यक्तिहरुलाई समाजमा प्रभावकारी रुपमा राज्यको मुलधारमा समावेशीकरण गर्ने।**

**नीति तथा कार्यनीति**

क) स्थानीय तहमा नयाँ निर्माण गरिने भौतिक संरचनाहरुलाई अपांङ्गतामैत्री बनाई दैनिक क्रियाकलापमा सहज वातावरण निर्माण गरिनेछ ।

ख) आमसंचार सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच सुनिश्चित गरी सेवाको उपलब्धतामा सहज बनाईने छ ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

ग) स्थानीय तहबाट दिइने सेवाहरुलाई सकारात्मक विभेदको नीति अपनाएर पछाडी परेका र पारिएका वर्ग समुदायहरुको पहुँच बृद्धि गरिनेछ ।

**रणनीति ४.स्थानीय तहले वजेट विनियोजन गर्दा लक्षित वर्गले लाभ प्राप्त गर्ने गरी प्रबन्ध गर्ने र वजेटका आधारमा कार्यक्रमका नभइ लक्षित वर्गको आवश्यकताको आधारमा वजेट विनियोजन गर्ने ।**

**नीति तथा कार्यनीति**

क) स्थानीय तहले बजेट विनियोजना गर्दा लैसअसासलाई केन्द्रमा राखेर गरिने छ ।

ख) समाजमा पछाडी पारिएका वर्गहरु महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, दलित, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक समुदाय, अति विपन्न र सीमान्तकृत समुदायको आवश्यकताको आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।

ग) गाउँपालिकाभित्रका राज्यले तोकेका लक्षित वर्गहरुको सशक्तिकरण र उद्यमशिलताका क्षेत्रमा लगानी गरिने छ ।

**रणनीति ५. प्रतापपुर गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैसअसास उत्तरदायी बनाई महिला तथा लक्षित वर्गको सामाजिक तथा आर्थिक सशक्तिकरण सामाजिक सुरक्षा, पुर्नस्थापना र आधारभुत अधिकारहरुको सुनिश्चित गरी प्रतिष्पर्धी गर्नका लागि लैसाअससामैत्री योजना तथा कार्यक्रम संचालन गरिनेछ ।**

**नीति तथा कार्यनीति**

क) प्रतापपुर गाउँपालिकाका नीति, ऐन, कानून, योजनाहरु लैसअसासमैत्री निर्माण गरिनेछ ।

ख)समाजमा पछाडी पारिएका समुदायहरुको सशक्तिकरण गरि आत्म निर्भरमा जोड दिइनेछ ।

ग) पालिकाभित्रका सबै नागरिकलाई मानवअधिकारमैत्री संस्कृतिको विकासमा लगानी गरि आधारभूत मानवअधिकारको प्रत्याभूति गराइनेछ ।

घ) राज्यको मुलधारमा आउन नसकेका समुदायहरुको सशक्तिकरण गरी प्रतिष्पर्धी बनाउन लगानी बढाइने छ ।

**रणनीति ६.सबै किसिमका अपांगता भएका व्यक्ति लगायत सामाजिक आर्थिक र राजनैतिक रुपमा पछाडी परेका र पारिएका वर्ग समुदाय क्षेत्र लिंङ्ग लगायतका व्यक्ति तथा समूहलाई राज्यको मूलधारमा समावेश गरी अपनत्व कायम गर्ने गरी स्थानीयकरण गरिनेछ ।**

**नीति तथा कार्यनीति**

क) लैसअसास नीतिलाई स्थानीयकरण गरी प्रतापपुर गाउँपालिकाका सबै नागरिकलाई आधारभूत मानवअधिकारको प्रत्याभूत गराइने छ ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणिकरण

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई स्थानीय सरकारका सबै क्षेत्रमा मुलप्रवाहीकरण गर्नलाई विषयगत रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।

ग) यस नीतिको कार्यान्वयनका लागि समन्वय सहकार्य र साझेदारीलाई फराकिलो बनाइने छ।

रणनीति ७. राज्यको मुलधारमा आउन नसकेका अवसरबाट बञ्चित समुदायहरु महिला, बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत समुदाय र अति विपन्न परिवारको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवन यापनको वातावरण सुनिश्चित गर्ने।

**नीति तथा कार्यनीति**

क) महिला, बालबालिका, अपांङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत समुदाय र अति विपन्न परिवार लक्षित कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गरिनेछ।

ख) लक्षित वर्गहरुको पहिचान गरि उनीहरुको मागको आधारमा कार्यक्रम तय गरि कार्यान्वयन गरिने छ।

ग) जोखिममा परेका र अवसरबाट बञ्चित समुदायको आवश्यकताका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ।

**रणनीति ८.गाउँपालिकामा महिला बालबालिका अपांङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको संस्थागत संरचना तथा निर्णायक तहमा सम्मानजनक र अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने। (उद्देश्य ३)**

**नीति तथा कार्यनीति**

क) अपांङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

ख) पालिकामा अपांङ्गतामैत्री वातावरणको निर्माण गरी कार्यान्वयन गरिने छ।

ग) पालिकाबाट दिइन सेवालाई सहज र पहुँच योग्य बनाउनका लागि सकारात्मक विभेदको नीति अपनाई कार्यान्वयन गरिनेछ।

घ) अपांङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुका लागि विशेष खालका कार्यक्रमहरु जस्तै सीप मुलक तालिम, व्यवहार परिवर्तन सम्बन्धि सीपहरुको प्रवर्द्धन गरिनेछ।

ङ) सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरु अन्य लक्षित वर्गको जीवन यापनका लागि आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवन यापनको वातावरण सुनिश्चित गर्ने खालका कार्यक्रम तर्जुमा गरिनेछ।

रणनीति ९. Power, Resources, Opportunity and Authority को Rightful Sharing गरी सामाजिक न्याय र सम्मानता कायम गरी, स्थानीय तहको समावेशिता सम्बन्धी नीति नीतिको कार्यान्वयन र नतिजा बीच समुचीत तालमेल कायम गर्ने। (उद्देश्य ४



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

**नीति तथा कार्यनीति**

क) प्रतापपुर गाउँपालिकाको लैसअसास नीति कार्यान्वयनका लागि सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य गरिनेछ ।

ख) समाजमा समानता र सामाजिक न्याय स्थापना गर्नका लागि विभिन्न कार्यक्रमहरु छलफल, अन्तरक्रिया,अन्तरसंवाद र सशक्तिकरणका कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

ग) स्थानीय स्रोत र साधनको समुचित र समावेशि वितरण गरि लक्षित वर्गलाई आत्मा निर्भर बनाइ उद्यमशिलतामा जोड दिइनेछ ।

**रणनीति १०.लैसअसासबारे संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, र नेपाल पक्ष राष्ट्र भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै संघिय तथा प्रदेश सरकारको लैसअसास सम्बन्धमा गरिएका प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ। (उद्देश्य नं.४)**

**नीति तथा कार्यनीति**

क) नेपाल पक्षराष्ट्र भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको अक्षेरस पालना गरी कार्यान्वयन गरिने छ ।

ख) संघिय सरकार र प्रदेश सरकारले निर्माण गरेका ऐन, कानून, नीतिहरुको स्थानीयकरणमा संवेदनशिलता अपनाइने छ ।

ग) प्रतापपुर गाउँपालिकालाई लैङ्गिकमैत्री पालिका निर्माणका लागि कार्ययोजना बनाएर अगाडी बढाईने छ ।

**रणनीति ११. समावेशिकरणका लागि अवलम्बन गरिएका सकारात्मक विभेद समानुपातिक प्रतिनिधित्व र आरक्षणमा लक्षित वर्गको पहुँच कायम गर्ने। (उद्देश्य ४)**

**नीति तथा कार्यनीति**

क) समावेशिकरणका लागि अवलम्बन गरिएका समानता, समावेशिता र सकारात्मक विभेदलाई कार्यान्वयन गरिनेछ ।

ख) नीतिको स्थानीयकरण गर्नका लागि आम संचारसँग सहकार्य गरी प्रभावकारि कार्यान्वयन गरिने छ ।

**रणनीति १२. सामाजिक संरक्षण र सुरक्षाको दायरा विस्तार गरी महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु लगायत विपन्न वर्ग समुदायको जनजीवनलाइ व्यवस्थित सुरक्षित र मर्यादित वनाई लक्षित वर्गको पहिचान गरी नतिजामुखि कार्यक्रम सञ्चालन गर्ने ।**

**नीति तथा कार्यनीति**

क) भौतिक संरचना, यातायात सेवा सुविधा, साधन श्रोत र सूचना प्रविधिलाई पहुँचयुक्त बनाई अपाङ्गता भएका व्यक्तिलाई समाजमा प्रभावकारी रुपमा समावेशिकरण गरिनेछ ।

ख)



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

**रणनीति १३. गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनको प्रत्येक चरणमा लैसअसास दृष्टिकोणबाट अनुगमन तथा मुल्याङ्कन गर्दा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने ।**

**नीति तथा कार्यनीति**

क) गाउँपालिका सेवा प्रवाह, संस्थागत संरचना तथा अनुगमन तथा मुल्याङ्कन प्रणलीलाई लैसअसास मैत्री बनाई पालिकामा सुशासन प्रवर्द्धन गर्न जनप्रतिनिधि, सम्पूर्ण बिषयगत शाखाका कर्मचारी तथा सरोकारवालालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिबृद्धि गरिनेछ ।

ख) राज्यको मुलधारमा आउन नसकेका समुदायहरु महिला, दलित, बालबालिका, अपांगता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि. निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक तथा नियमनकारी उपायद्धारा समावेशी एवं समतामूलक प्रणालीको विकास गरिनेछ ।

**रणनीति १४. आधुनिक उपकरण र प्रविधिको छरितो हस्तान्तरण कार्यक्रम सञ्चालन गरी अपांगता भएका व्यक्तिको दैनिक क्रियाकलापमा सहजता ल्याउन लक्षित वर्गको मागमा आधारित जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने । (उद्देश्य ५)**

**नीति तथा कार्यनीति**

क) अपांङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सहायक सामाग्रीहरु आवश्यकताको आधारमा उपलब्ध गराइने छ ।

ख) अपांङ्गता भएका व्यक्तिहरु व्यक्तिहरुको पहिचान गरि सहज रुपमा परिचयपत्र उपलब्ध गराइने छ ।

**रणनीति १५ दृष्टिविहिन व्यक्तिलाइ ब्रेल लिपिबाट र बहिरा तथा स्वर सम्बन्धित अपांगता व्यक्तिलाइ सांकेतिक भाषा र  विपन्न वर्ग समुदायका व्यक्ति सहज विद्यालय शिक्षाको पहुँचको प्रबन्ध गर्ने ।**

**नीति तथा कार्यनीति**

क) अपांङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

ख) दृष्टिविहिन व्यक्तिलाइ ब्रेल लिपिबाट र बहिरा तथा स्वर सम्बन्धित अपांगता व्यक्तिलाइ सांकेतिक भाषा र  विपन्न वर्ग समुदायका व्यक्ति सहज विद्यालय शिक्षाको पहुँचको प्रबन्धका लागि वजेटको व्यवस्था गरिनेछ

**रणनीति १६. लिङ्ग, धर्म,वर्ण, जात र शारिरीक अवस्थाको आधारमा गरिने सबै प्रकारका हिंसा र विभेदको अन्त्यका लागि कानूनी तथा संस्थागत क्षमता अभिबृद्धि गर्ने (उद्देश्य ६)**

**नीति तथा कार्यनीति**

क) महिला बालबालिका, अपांङ्गता भएका व्यक्तिहरुमाथि हुने हिंसालाई न्यूनीकरण गर्नका लागि विभिन्न खालका सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

ख) प्रतापपुर गाउँपालिकालाई लैङ्गिकमैत्री, अपांङ्गतामैत्री र बालमैत्री पालिका बनाउनको लागि सकिय रुपमा अभियान संचालन गरिनेछ ।

ग) अपांगता भएका व्यक्तिहरुप्रति गरिने हानिकारक अभ्यासहरु, हिंसा, विभेद र शोषणलाई न्यूनीकरण गरी समतामुलक समाजको निर्माणका मानवअधिकार संस्कृतिको विकास गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

**रणनीति १७ लैङ्गिक हिंसा प्रभावितका लागि निरोधात्मक, उपचारात्मक, संरक्षणात्मक, प्रवर्द्धनात्मक तथा पुर्नस्थापना सेवाको विस्तार र कार्यान्वयन क्षमता सुदृढ गर्ने (उद्देश्य ६)**

**नीति तथा कार्यनीति**

क) शुन्य सहनशिताको रणनीतिको माध्यमद्धारा सामुदायस्तरमा व्यापक जनचेतना बृद्धि गरि विद्यमान लैङ्गिक हिंसा, सामाजिक विभेद तथा हानिकारक परम्परागत अभ्यासको न्यूतीकरण गरिनेछ ।

ख) अपांगता भएका व्यक्तिहरुप्रति गरिने हानिकारक अभ्यासहरु, हिंसा, विभेद र शोषणलाई न्यूनीकरण गरी समतामुलक समाजको निर्माणका मानवअधिकार संस्कृतिको विकास गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

ग)सबै प्रकारका हानिकारक अभ्यास, अन्ध विश्वास र हिंसा विरुद्ध समुदाय, नागरिक समाज, सरकारी गैरसरकारी संघ संस्थाहरु, विकास साझेदार संस्थासँग समन्वय गरेर अभियान संचालन गरिनेछ ।

**१२. लैसअसास नीतिको कार्यन्वयनको लागी आवश्यक संस्थागत व्यवस्था**

यस नीतिमा भएका भएका प्रावधानलाई प्रतापपुर गाउँपालिकामा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेको सामाजिक समावेशी नीति र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले निर्दिष्ट गरेको लैङ्गिक समानता अपाङ्गता नीति साथै प्रदेश स्तरको मन्त्रालयबाट गरेको निर्देशन अनुरुप लैसअसास मुलप्रवाहीकरण कार्यहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न सस्थागत व्यवस्था गरिनेछ ।

**१२.१ गाउँपालिका स्तरीय लैसअसास कार्यान्वयन समितिको गरिने**

गाउँपालिका स्तरीय लैसअसास कार्यान्वयन समितिको गर्न यस प्रकार हुनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिकाका अध्यक्ष | - संयोजक |
| ख) | उपाध्यक्ष | - सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) | सामाजिक विकास समितिका संयोजक, | - सदस्य |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

ङ) कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिलासहित संयोजकले तोकेका ३ जना - सदस्य

च) सामुदायिक सङ्घसंस्थाहरू मध्येबाट समावेशी प्रतिनिधित्व (अपांङ्गता भएको व्यक्ति कम्ती १ जना अनिवार्य) हुनेगरी संयोजकले तोकेका ३ जना -सदस्य

छ) लैसअसास हेर्ने शाखाका प्रमुख- सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ७ देखि ११ जना सम्म रहन सक्नेछ ।

**१२.२. वडास्तरमा लैसअसास कार्यान्वयन समिति गठन**

प्रत्येक वडास्तरमा देहाय बमोजिमको लैसअसास कार्यान्वयन समिति गठन गर्न सकिनेछ सो समितिं मार्फत लैसअसास सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदायस्तर सम्म पुराउने सुनिश्चितता गरिनेछ ।

क) वडाअध्यक्ष -संयोजक

ख) वडा सदस्य( महिला र दलित महिला सहित) -३जना सदस्य

ग) वडा सचिव - सदस्य सचिव

घ) स्थानीय संघ संस्थाबाट आवश्यकता अनुसार २ जना (अपांङ्गता भएको व्यक्ति कम्तीमा १ अनिवार्य) सदस्य

**१२.३ लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार**

- लैसअसास नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने
- गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानुन, कार्यबिधि , आवधिक योजना र अन्य प्रकाशित दस्तावेजमा लैसअसासको विषयबस्तुको मुल प्रवाहीकरण गर्ने
- लैसअसास मुलप्रवाहिकरण नीति अनुरुप लैङ्गिक समानता अपांङ्गता तथा समाजिक समावेशिकरण विकासको कार्यबिधि तयार गरि कार्यान्वयन गर्ने ।
- योजना तथा बजेट तर्जुमा गर्दा लैसअसासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्रविधिक सहयोग गर्ने
- लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्न सहयोग गर्ने
- लैसअसास सम्बन्धी क्षमता अभिँवृदि योजना तयार गरि लैससास क्षमता अभिबृदि कार्यक्रम संचालन गर्ने र गराउने
- लैसअसास नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

**१२.४ वडा स्तरिय लैससास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

गाउँपालिकाको लैसअसास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानुन, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदायस्तरका सरोकारवाला र नागरिक समाजसंग छलफल गरी लैसअसास सम्बन्धी विषयवस्तुहरुको समाबैश गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने

- योजना तथा बजेट तर्जुमा प्रकृयादेखि कार्यन्वयन र अनुगमानको चरणसम्म समुदायका विपन्न बर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने
- गाउँपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल आद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने।
- वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सुचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चितता गर्न नेतृत्वदायी भुमिका निभाउने
- प्रतापपुर गाउँपालिकाको वडा स्तरमा लैसअसास सम्बन्धि क्षमता विकास को योजना तयार गरि लैसअसास क्षमता बिकास कार्यक्रम संचालन गर्ने र गराउने
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने

**१२.५. वैठक, कार्यविधि र सेवा सुविधा**

क) गाउँ पालिका स्तरीय समितिको बैठक सामान्य तया प्रत्येक चौमासिक रुपमा बस्नेछ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्येक ६ महिनामा बस्नेछ।

ग) समितिको वैठकहरूको कार्यविधि गाउँपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ।

घ) सेवा सुविधा गाउँपालिकाको नियम बमोजिम हुनेछ।

**१२.६ सम्पर्क व्यक्ति**

गाउँपालिकाले लैसअसासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका विकास शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्याक्ति तोकी लैसअसासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउने, शाखा अन्तरर्गत कार्यक्रम एवम् आवश्यक स्रोत व्यवस्थापन गर्ने छ।

**१३. लैसअसास नीति कार्यान्वयनको लागी स्रोत परिचालन**

लैसअसास नीति योजना कार्यान्वयनका लागि आवश्यक श्रोत साधन व्यवस्थापन गर्नु प्रतापपुर गाउँपालिकाको प्रमुख दायित्व हुनेछ। गाउँपालिकाको सम्पूर्ण बिषयगत समिति तथा शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा लैसअसासलाई मुलप्रबाहिकरण गर्नु पर्दछ। यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड निर्देशिका निर्माण, लैसअसास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित श्रोत साधनबारे सरोकारवालाहरुसंग छलफल गरी पालिकाले आफ्नो वर्षिक बजेटबाट खर्च गर्ने साथै स्रोत व्यवस्थापनका लागि गाँउपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

## १४ कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि प्रतापपुर गाउँपालिकाले आवश्यक कानूनी व्यवस्था मिलाइनेछ । आवश्यकता अनुसार निर्देशिका, कार्यविधि एवं नीति कार्यान्वयन कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय र सहकार्य गर्ने भूमिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले गर्नेछ ।

## १५. लैसअसास नीति कार्यान्वयनको अनुगमन तथा मुल्यांकन

गाउँपालिका स्तरिय लैसअसास नीति योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदसीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिनेछ । अनुगमन समितिमा लैसअसास सम्बन्धी ज्ञान भएको कर्मचारी,पदाधिकारी तथा तथ्याङ्कनमा काम गर्ने जनशक्ति समावेश गरिनेछ । यो नीति योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ ।

| अनुगमन र मुल्याङ्कन | समयवधी | जिम्मेवारी |
|---|---|---|
| बार्षिक प्रगति समिक्षा | प्रत्येक १ वर्षमा | महिला बालबालिका विकास शाखा लैसअसास कार्यान्वयन समिति |
| वार्षिक समिक्षा तथा वार्षिक कार्य योजना तर्जुमा | प्रत्येक वर्षको बैशाख मसान्तभित्र | महिला बालबालिका विकास शाखा ,लैसअसास कार्यान्वयन समिति |
| लैसअसास सम्बन्धी तथ्याङ्को अध्यावधिक | प्रत्येक १, १ बर्षमा | सुचना तथा प्रविधि शाखा तथा प्रशासन शाखा |
| लैससास सम्बन्धी वार्षिक स्थिति पत्र प्रकाशन गर्ने | वार्षिक | लैसअसास कार्यान्वयन समिति |
| नीति कार्यान्वयन र उपलब्धीका सम्बन्धमा सार्वजनिक सुनुवाई | वार्षिक | प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरु |

## १६.संभावित जोखिम तथा न्युनिकरणका उपायहरु

यस नीतिको प्रकृति र स्वरुप बृह्त तथा साझा सरोकारको विषय भएकोले कार्यान्वयनको क्रममा निम्न खालका जोखिमहरु हुन सक्छन् ।

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणमा उपायहरु |
|---|---|---|
| १. | लैसअसास बिषय गाउँपालिकाको न्युन प्राथमिकता पर्न सक्ने | गाउँपालिकाकका पदाधिकारी तथा कर्मचारीको लैसअसास सम्बन्धी क्षमता विकास गरि हरेक विषयगत समिति तथा शाखावाट कार्यक्रम तथा सेवा प्रवाह गर्दा लैससास मुलप्रवाहीकरण गरिने छ । |
| २. | लैसअसास नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुनु | सरोकारवाला बीचमा नियमित साझा बैठक राख्ने तथा पालिकास्तरमा रहेका नागरिक समाज तथा संचालकहरुको सहकार्यमा लक्षित सुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

| | | |
|---|---|---|
| | | बारेमा नियमित छलफल गरिने छ । |
| ३. | लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क तथा सुचकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु | लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क तयार गरि लक्षित समुदायको पहिचान र मागको आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिने छ । |
| ४. | नीतिको कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन | यस नीतिको कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि सरोकारवाला निकायहरु, संघ, संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिने छ । |
| ५. | सामाजिक बिभेद तथा भेदभावजन्य व्यवहार र प्रचलन कायम रहनु । | समाजमा बिद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यबहार र कुरितिहरुको अन्त्यका लागि आवश्यक कानुनहरुको तर्जुमा र भईरहेका कानुनहरुको पुनरावलोकन गरिनेछ । चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ । कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरुमा गाउँपालिकाले शुन्य सहनशीलताको नीति लिइनेछ । |
| ६. | राष्ट्रिय अपाङ्गता नीति कार्यान्वयनमा आवश्यक दक्ष जनशक्ति तथा श्रोत साधनको सीमितता हुने | नीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन योजना तर्जुमा गरी लागु गरिनेछ । |
| ७. | अपाङ्गताको विषय बहुक्षेत्रिय सरोकार राख्ने विषय भएकोले समन्वयमा जटिलता आउन सक्ने ।<br>अपाङ्गता भएका व्यक्तिहरुको रोजगारी तथा अपाङ्गतामैत्री संरचना निर्माणमा नीजि क्षेत्रको अपनत्व र सहभागिता सुनिश्चित गर्न कठिन हुन सक्छ । | अपाङ्गताको विषयमा संघिय सरकार, प्रदेश सरकार, संघ,संस्थाहरु, विषय विज्ञहरु नीजि क्षेत्रको वीचमा निरन्तर समन्वय गरी बार्षिक कार्यकमको तय गरिनेछ । |
| ८. | बिपत्त तथा महामारीको अवस्थामा नीति कार्यान्वयनमा कठिन हुन सक्छ । | आवश्यकता अनुसार नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरुको व्यवस्थापन गरिनेछ । |
| | क) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण सम्बनधी बुझाईमा एकरुपताको अभाव<br>ख) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता, दक्ष जनशक्ति र साधन स्रोतको सीमितता हुनसक्छ ।<br>ग) लैसअसासमैत्री बजेट विनियोजनको सुनिश्चितामा कमी हुन सक्छ ।<br>घ) विषयगत शाखाहरुबीचमा नीति कार्यान्वयनका लागि आ आफ्नो भूमिकामा अन्यौलता र दोहोरोपना आउन सक्छ । | क) यस नीति प्रभावकारि कार्यान्वयनका लागि प्रतापपुर गाउँपालिकाले कार्य जिम्मेवारी सहितको कार्यान्वयन कार्ययोजना तयार गरि लागु गरिनेछ ।<br>ख) नीतिको प्रभावकारि कार्यान्वयनका लागि पालिकाभित्र सवल वातावरणको निर्माण गर्ने, क्षमताको विकास गर्ने, सार्वजनिक क्षेत्रमा सेवा प्रवाहलाई गुणस्तरीयता सुनिश्चित गर्न प्रोत्साहन मूलक उपायहरुको अबलम्वन गरिनेछ ।<br>ग) बहुपक्षिय सहभागिताका लागि समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्न निरन्तर पहल गर्ने, नीतिको स्थानीयकरण गर्नको लागि संस्थागत सुदृढीकरणका साथै समन्वय र सहकार्यमा जोड दिइनेछ । |



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

### १७.नीतिको पुनरावलोकन र परिमार्जन

यस नीतिको कार्यान्वयन अवधि कार्यान्वयन भएको  अवधिले ५ वर्षको हुनेछ । वार्षिक रुपमा पालिकाका कार्यपालिकाको बैठकमा नीतिको कार्यानवयनको  उपलब्धी समीक्षा गरिनेछ । उक्त समीक्षाबाट प्राप्त सुझावका आधारमा प्रत्येक तीन वर्षमा नीतिमा व्यवस्था गरिएका समसामयिक सुधारहरुलाई थपघट, संशोधन गरी कार्यानवयन गरिनेछ ।